29-09-2024 ओम् शान्ति "अव्यक्त बापदादा" रिभाइज 03/02/2002

" लक्ष्य र लक्षणलाई समान बनाऊ , सर्व खजानाहरूमा सम्पन्न बन"

आज सर्व खजानाहरूको मालिकले आफ्ना खजानाहरूले सम्पन्न बच्चाहरूलाई देखिरहनु भएको छ। हरेक बच्चा सर्व खजानाहरूले सम्पन्न छन्। जो सम्पन्न हुन्छ उसको निसानी सदा प्राप्ति स्वरूप, तृप्त आत्मा देखिन्छ। सदा प्रसन्न हुन्छ किनकि भरपुर छ। अब हरेकले आफैसँग सोध– मसँग कति खजाना जम्मा छन्? यो अविनाशी खजाना अहिले पनि प्राप्त छ र भविष्यमा अनेक जन्म साथ रहन्छ। यो खजाना खतम हुँदैन। सबैभन्दा पहिलो खजाना हो– ज्ञानको खजाना, जुन ज्ञानको खजानाले यस समयमा पनि तिमीहरू सबैले मुक्ति र जीवनमुक्तिको अनुभव गरिरहेका छौ। जीवनमा रहेर, पुरानो दुनियाँमा रहेर, तमोगुणी वायुमण्डलमा रहेर ज्ञानको खजानाको आधारमा यी सबै वायुमण्डल, भाइब्रेसनदेखि न्यारा मुक्त भएर, कमल पुष्प समान न्यारा मुक्त आत्मा दु:खदेखि, चिन्तादेखि, अशान्तिदेखि मुक्त छौ। जीवनमा रहेर कमजोरीका बन्धनहरूदेखि मुक्त होस्। व्यर्थ सङ्कल्पको तुफानदेखि मुक्त होस्। छौ मुक्त? सबैले हात हल्लाइरहेका छन्।

मुक्ति र जीवनमुक्ति यस ज्ञानको खजानाको फल हो, प्राप्ति हो। चाहे व्यर्थ सङ्कल्प आउने कोसिस गर्छन्, नेगेटिभ पनि आउँछन् तर ज्ञान अर्थात् समझ छ– व्यर्थ सङ्कल्प वा नेगेटिभको काम हो आउनु र तिमी ज्ञानी आत्माहरूको काम हो यिनीहरूदेखि मुक्त, न्यारा र बाबाको प्यारा रहनु। अब चेक गर– ज्ञानको खजाना प्राप्त छ? भरपुर छ? सम्पन्न छ कि कम छ? यदि कम छ भने त्यसलाई जम्मा गर, खाली नराख।

त्यसैगरी योगको खजाना– जसबाट सर्व शक्तिको प्राप्ति हुन्छ। आफूलाई हेर– योगको खजानाद्वारा सर्व शक्ति जम्मा छन्? सर्व? यदि एउटा पनि शक्ति कम छ भने समयमा धोका दिनेछ। तिमीहरू सबैको टाइटल– मास्टर सर्वशक्तिमान हो, शक्तिमान होइन, सर्वशक्तिमान। त्यसोभए सर्व शक्तिको खजाना योगबलद्वारा जम्मा छ? भरपुर छ, प्राप्ति स्वरूप छ वा कमी छ? किन? अहिले आफ्नो कमीलाई भर्न सक्छौ। अहिले चान्स छ। फेरि सम्पन्न गर्ने समय समाप्त हुनेछ अनि कमी रहनेछ। चेक गर– एक एक शक्तिलाई सामुन्ने ल्याऊ र सारा दिनको दिनचर्यामा चेक गर– यदि प्रतिशत कम छ भने पनि फुल पास भनिदैन किनकि तिमीहरू सबैको लक्ष्य हो, कुनै पनि बच्चाहरूसँग सोधियो– फुल पास हुनु छ कि हाफ पास? तब सबैले भन्छन्– हामी त सूर्यवंशी बन्नेछौँ, चन्द्रवंशी बन्दैनौँ। चन्द्रवंशी बन्छौ? बापदादाले धेरै राम्रो तख्त दिनु हुनेछ, बन्नेछौ चन्द्रवंशी? इण्डियाका सूर्यवंशी बन, फरेनका चन्द्रवंशी बन, बन्नेछौ? बन्दैनौ? सूर्यवंशी बन्नु छ? बन्नु नै छ। यो त बापदादाले चिटच्याट गरिरहनु भएको छ। जब सूर्यवंशी बन्नु नै छ, दृढ निश्चय छ, बाबासँग र स्वयंसँग प्रतिज्ञा गरेका छौ भने अहिलेदेखि कुनै पनि शक्तिको प्रतिशत कम नहोस्। यदि भन्छौ परिस्थिति अनुसार, समस्या अनुसार प्रतिशत कम हुन गयो भने १४ कला बन्नेछौ। यसैले आजकाल बापदादाले चारैतिरका सबै बच्चाहरूको पोतामेल, रजिस्टर चेक गरिरहनु भएको छ। बापदादाको पासमा पनि हर एकको रजिस्टर छ किनकि समय अनुसार पहिला नै बापदादाले बच्चाहरूलाई सुनाइरहनु भएको छ– समयको रफ्तार अनुसार अहिले कहिले नभन, अब। कहिले हुनेछ, गर्नेछु... हुनु त छँदै छ... यो नसोच। हुनु त छँदै छैन, भर्खरै गर्नु नै छ। समयको रफ्तार तीव्र भइरहेको छ त्यसैले जे लक्ष्य राखेका छौ बाबा समान बन्ने, फुल पास हुने, १६ कला सम्पन्न बन्ने, बापदादा पनि यही चाहनुहुन्छ– लक्ष्य र यथार्थमा लक्षण समान होस्, जब लक्ष्य र लक्षण दुवै समान हुनेछ तब नै बाबा समान सहज बन्छौ। त्यसैले चेक गर– हुनेछ, बनिहाल्छौँ... यो अलबेलापन हो। जे गर्नु छ, जे बन्नु छ, जे लक्ष्य छ, त्यो अहिलेदेखि नै गर्नु छ, बन्नु छ। कहिले शब्द नभन, भर्खरै।

ज्ञानको खजाना, योगको खजाना अरू पनि धारणाहरूका खजाना छन्। जसबाट (धारणाहरूबाट) गुणहरूको खजाना जम्मा हुन्छ। गुणहरूमा पनि जस्तै सर्वशक्ति छन्, त्यसैगरी सर्वगुण छन्, केवल गुण छैनन्, सर्वगुण छन्। त्यसोभए सर्वगुण छन् कि सोच्छौ एक दुई गुण कम भयो भने के भयो, चल्छ? चल्दैन। त्यसोभए सर्वगुणहरूको खजाना जम्मा छ? कुनचाहिँ गुणको कमी छ, त्यसलाई चेक गरेर भरपुर होऊ।

चौथो कुरा हो– सेवा। सेवाद्वारा सबैलाई अनुभव छ, जब पनि मनसा सेवा वा वाणीद्वारा वा कर्मद्वारा पनि सेवा गर्छौ, त्यतिबेला त्यसको प्राप्ति आत्मिक खुसी मिल्छ। अब चेक गर– सेवाद्वारा खुसीको अनुभूति कहाँसम्म छ? यदि सेवा गर्यौ तर खुसी भएन भने त्यो सेवा यथार्थ सेवा होइन। सेवामा कुनै न कुनै कमी छ, त्यसैले खुसी मिल्दैन। सेवाको अर्थ हो आत्माले आफूलाई खुशनुमः (खुसी), फक्रिएको रुहानी गुलाब खुसीको झुलामा झुलेको अनुभव गर्नेछ। त्यसैले चेक गर– सारा दिन सेवा गर्यौ तर सारा दिनको सेवाको तुलनामा यति खुसी भयो कि सोच-विचार नै चलिरह्यो, यो होइन यो, यो होइन यो...? तिम्रो खुसीको प्रभाव एक त सेवा स्थानमा, दोस्रो सेवा साथीहरूमा, तेस्रो जुन आत्माहरूको सेवा गर्यौ, ती आत्माहरूमा परोस्, वायुमण्डलमा पनि खुसी होस्। यो हो सेवाको खजाना खुसी।

अर्को कुरा– चार सबजेक्ट त आइ नै हाल्यो। अर्को छ सम्बन्ध-सम्पर्क, त्यो पनि धेरै आवश्यक छ, किन? कति बच्चाहरूले सम्झन्छन् बापदादासँग त सम्बन्ध छँदै छ। परिवारमा भए पनि नभए पनि के भयो र, के फरक पर्छ र, (के हर्जा छ) बीजसँग त छँदै छ। तर तिमीलाई विश्वको राज्य गर्नु छ नि! त्यसोभए राज्यमा सम्बन्धमा आउनु नै पर्छ। त्यसैले सम्बन्ध-सम्पर्कमा आउनु नै छ तर सम्बन्ध-सम्पर्कमा यथार्थ खजाना मिल्छ आशीर्वाद। बिना सम्बन्ध-सम्पर्क तिमीसँग आशीर्वादको खजाना जम्मा हुँदैन। मम्मा बाबाको आशीर्वाद त छ, तर सम्बन्ध-सम्पर्कमा पनि आशीर्वाद लिनु छ। यदि आशीर्वाद मिल्दैन, अनुभूति महसुसतामा आउँदैन भने सम्झ सम्बन्ध-सम्पर्कमा कुनै कमी छ। यदि यथार्थ रीतिले सम्बन्ध-सम्पर्क छ भने आशीर्वादको अनुभूति हुनुपर्छ। र, आशीर्वादको अनुभूति के हुन्छ? अनुभवी त छौ नि! यदि सेवाद्वारा आशीर्वाद मिल्छ भने आशीर्वाद मिलेको अनुभव यही हुन्छ– जुन स्वयं पनि सम्बन्धमा आउँदा, कार्य गर्दा डबल लाइट (हल्का) हुन्छौ, बोझ महसुस गर्दैनौ र जसको सेवा गर्छौ, सम्बन्ध-सम्पर्कमा आउँछौ, तिनीहरूले पनि डबल लाइट अनुभव गर्छन्। अनुभव गर्नेछन्– यो सम्बन्धमा सदा हल्का अर्थात् इजी छ, भारी हुँदैन। सम्बन्धमा आऊ, नआऊ... तर आशीर्वाद मिल्नाको कारण दुवैतिर नियम अनुसार, यस्तो इजी पनि होइन– जस्तै भनाइ छ, ज्यादा गुलियोमा कमिला धेरै आउँछन्। यति इजी पनि होइन, तर डबल लाइट रहन्छ। त्यसैले बापदादा भन्नुहुन्छ– आफ्नो खजाना चेक गर। समय दिइरहनु भएको छ। अहिले समाप्तिको बोर्ड लागेको छैन। त्यसैले चेक गरेर बढ्दै जाऊ।

बापदादाको बच्चाहरूसँग प्यार छ नि! बापदादा सम्झनुहुन्छ– कुनै पनि बच्चा पछाडि नरहुन्। हरेक बच्चा अगाडि भन्दा अगाडि जाउन्। चल्दा-चल्दै देह अभिमान आउँछ। स्वमान र देह अभिमान। देह अभिमानको कारण हो स्वमानमा कमी हुन्छ। त्यसैले देह अभिमानलाई मेटाउने धेरै सहज साधन हो– देह अभिमान आउने एउटै अक्षर छ, एउटै शब्द छ, त्यो जानेका पनि छौ। देह अभिमानको एक शब्द कुनचाहिँ हो? (म)। कति पटक म म भन्छौ? सारा दिनमा कति पटक "म" भन्छौ, कहिल्यै नोट गरेका छौ? ठिक छ, एक दिन नोट गर्नु। पटक पटक म शब्द त आउँछ नै। तर म को हुँ? पहिलो पाठ हो, म को हुँ? जब देह अभिमानमा म भन्छौ, तर वास्तवमा म हुँ को? आत्मा कि देह? आत्माले देह धारण गरेको हो, कि देहले आत्मा धारण गरेको हो? के हो? आत्माले देह धारण गरेको हो। ठीक हो नि? आत्माले देह धारण गरेको हो भने म को हुँ? आत्मा हुँ नि! त्यसैले सहज साधन हो, जब पनि म शब्द भन्छौ, यो याद गर– म कुनचाहिँ आत्मा हुँ? आत्मा निराकार छ, देह साकार छ। निराकार आत्माले साकार देह धारण गरेको छ, जति पटक पनि म म शब्द बोल्छौ, त्यतिबेला यो याद गर– म निराकार आत्मा साकारमा प्रवेश गरेको हुँ। जब निराकार स्थिति याद छ भने निरहङ्कारी स्वतः हुन्छौ। देह भान खतम हुनेछ। यही पहिलो पाठ म को हुँ? यो स्मृतिमा राखेर म कुनचाहिँ आत्मा हुँ, आत्मा याद आउनाले निराकारी स्थिति पक्का हुन्छ। जहाँ निराकारी स्थिति हुन्छ, त्यहाँ निरहङ्कारी, निर्विकारी भइ नै हाल्छौ। भोलिदेखि नोट गर्नु– जब म शब्द भन्छौ त्यतिबेला के याद आउँछ? र, जति पटक म शब्द प्रयोग गर्छौ, त्यति पटक निराकारी, निरहङ्कारी, निर्विकारी स्वतः हुनेछौ। अच्छा!

आज युथ ग्रुप आएका छन्। युथ धेरै छन्। बापदादाले युथ ग्रुपलाई वरदान दिनुहुन्छ– सदा आबाद रहनु। एउटा खजाना पनि बर्बाद नगर्नु, आबाद रहनु, आबाद गर्नु। लौकिक गुरुहरूले आशीर्वाद दिन्छन् आयुष्मान भव र बापदादा भन्नुहुन्छ– शरीरको आयु त जति छ, त्यति रहन्छ, त्सैले शरीरको आयुको हिसाबले आयुष्मान भवको वरदान दिनुहुन्न तर यस ब्राह्मण जीवनमा सदा आयुष्मान भव। किन? ब्राह्मण सो देवता बन्छौ। त्यसैले आयुष्मान त हुन्छौ नि! युथको एक विशेषता हुन्छ। तिमी युथहरूले आफ्नो विशेषतालाई जानेका छौ? के

विशेषता हुन्छ, जान्दछौ? के विशेषता छ तिमीमा? (जे चाहे त्यो गर्न सक्छौँ) राम्रो, गर्न सक्छौ? राम्रो कुरा हो, दुनियाँको हिसाबले भन्छन्, युथ जिद्दी धेरै हुन्छन्, जे सोच्छन्, त्यो गर्छन्, देखाउँछन्। तिनीहरूले उल्टो भन्छन् तर यहाँ ब्राह्मण युथ जिद्दी छैनन् तर आफ्नो प्रतिज्ञामा पक्का रहनेवाला छन्। हट्नेवाला छैनन्। युथ यस्ता छौ? हात उठाउन त धेरै सहज छ। बापदादा खुसी हुनुहुन्छ हात उठाएकोमा, यो पनि हिम्मत हो नि। तर दिनहुँ अमृतबेला बाबासँग गरेको यो प्रतिज्ञा– हामीले यस ब्राह्मण जीवनलाई प्राप्तिले, सेवाले कहिल्यै पनि सङ्कल्पमा पनि हट्ने छैनौं। यस हिम्मतलाई, प्रतिज्ञालाई दिनहुँ दोहोर्याउनु र पटक पटक चेक गर्नु– हिम्मत जो राखेको छु, सङ्कल्प गरेको छु, त्यो यथार्थमा भइरहेको छ?

सरकारले त भन्छ, दुई चार लाख राम्रा बने पनि ठीक छ। बापदादाले भन्नुहुन्छ– यी ब्राह्मण युथ एक एक लाख समान छन्। यति मजबुत छौ। छौ? हेर, यस्तो होइन घर गएर फेरि लेख्छौ– बाबा! माया आयो, संस्कार आयो, समस्या आयो। समस्याहरूको समाधान स्वरूप बन। समस्या त आउँछन् तर आफैसँग सोध म को हुँ? समाधान स्वरूप हुँ कि समस्यासँग हार खानेवाला हुँ? तिमीहरू सबैको टाइटल के हो– विजयी रत्न कि हार खाने रत्न? विजयी रत्न हौ। ब्राह्मण जन्म हुनासाथ बापदादाले हर ब्राह्मणको मस्तकमा विजयको अमर तिलक लगाइदिनुभयो। त्यसैले अमरभवको वरदानी हौ। अहिले यो आफैसँग प्रतिज्ञा गर, त्यसो त प्रतिज्ञा गराएमा सबैले गर्छौ तर आफ्नो मनमा आफैसँग प्रतिज्ञा गर– कहिल्यै पनि संस्कारको वश हुने छैन, जुन बाबाको संस्कार त्यो म ब्राह्मण आत्माको संस्कार। जे द्वापर, कलियुगको संस्कार हो, त्यो मेरो संस्कार होइन किनकि बाबाको संस्कार होइन। यो तमोगुणी संस्कार ब्राह्मणहरूको संस्कार हो? होइन नि! त्यसोभए तिमी को हौ? ब्राह्मण हौ नि!

बापदादालाई पनि युथ ग्रुपप्रति गर्व छ। हेर, दादीहरूको पनि युथप्रति गर्व छ। दादीको प्यार छ नि युथसँग। एक्स्ट्रा प्यार छ। कुमार हुन् सुकुमार। कुमार होइन, सुकुमार हौ। एक एक कुमार विश्वका कुमारहरूलाई परिवर्तन गरेर देखाउनेहरू। अच्छा, कुमारहरूलाई काम दिउँ? हिम्मत छ? गर्नुपर्नेछ। कुमारीहरूले गर्नेछौ?

त्यसोभए काम दिइरहेको छु, ध्यानसँग सुन्नु अनि जुन अर्को सीजन हुनेछ, त्यस सीजनमा कुमारहरूको यस्तै स्पेसल प्रोग्राम राखिनेछ तर... तर पनि छ। ज्यादा काम दिन्न, एक एक कुमारले १०-१० कुमारहरूको, सानो हातको कङ्गन तयार गरेर ल्याउनु। हातमा कङ्गन लगाउँछन् नि। ब्रह्माबाबाको हातमा सदैव फूलहरूको कङ्गन राख्छन्। त्यसैले एक एक कुमार, कच्चा कच्चा नल्याउनु, पक्का पक्का ल्याउनु। मधुबनमा त आउने तर घर गएपछि परिवर्तन हुने! यस्तो होइन। यस्तो पक्का बनाएर ल्याउनु, जसलाई बापदादाले देखी देखी भन्नु हुनेछ वाह कुमार वाह! यस्तो तयार छौ? गर्नेछौं, यस्तो? थोरै सोच। यत्तिकै हात नउठाउनु। गर्नुपर्नेछ। बनाउनु पर्नेछ। डबल विदेशीले पनि गर्नेछौ? डबल विदेशीमा कुमारहरूले हात उठाऊ। तिमीहरूले पनि १० ल्याउँछौ हैन?

विदेशीले पनि ल्याउनेछौ, इण्डियाकाले पनि ल्याउनेछौ। फेरि जसले फस्टक्लास क्वालिटी ल्याउँछौ, उनलाई इनाम दिनेछु। इनाम बढिया दिनेछु, घटिया दिन्न। प्यार छ नि कुमारहरूसँग। यदि सरकारलाई ज्यादामा ज्यादा कुमार पोजिटिभ कर्म गर्नेवाला मिले भने सरकार कति खुसी हुन्छ। यदि तिमीहरूले १०-१० कुमार ल्यायौ भने सारा हल कुमारहरूले भरिन्छ फेरि सरकारलाई बोलाउने छौं, हेर यी कुमार। तर ल्याउनु पर्नेछ, बनाउनु पर्नेछ। यदि आफ्नो स्थिति, लक्ष्य र लक्षणलाई समान राख्यौ भने सेवामा सफलता हुन्छ कि हुँदैन– यो सङ्कल्प पनि उठ्न सक्दैन। अवश्य हुन्छ। केवल तिमीलाई निमित्त बन्नु पर्नेछ। यो प्रतिज्ञा सदा रिभाइज गरिरहनु। कमाल त गर्नु नै छ। अच्छा!

(मुरलीको बीचमा अचानक बापदादाको सामुन्ने दुई कुमार स्टेजमा आए, उनलाई हटाइयो) अच्छा!

अहिले खेलमा खेल देख्यौ। अहिले बापदादा भन्नुहुन्छ साक्षी भएर खेल देख्यौ, आनन्द लियौ, अहिले एक सेकेन्डमा एकदम देहदेखि न्यारा शक्तिशाली आत्मिक रूपमा स्थित हुन सक्छौ? फुलस्टप।

(बापदादाले धेरै शक्तिशाली ड्रिल गराउनुभयो) अच्छा, यही अभ्यास हर समय बीच बीचमा गर्नुपर्छ। भर्खरै कार्यमा आयो, भर्खरै कार्यदेखि न्यारा, साकारी सो निराकारी स्थितिमा स्थित होस्। यो पनि एक अनुभव देख्यौ, कुनै पनि समस्या आयो भने यसैगरी एक सेकेन्डमा साक्षी दृष्टा बन, समस्यालाई एक साइडसीन सम्झ,

तुफानलाई एक तोहफा सम्झेर त्यसलाई पार गर। अभ्यास छ हैन? पछि गएर त यस्तो अभ्यासको धेरै आवश्यकता पर्नेछ। फुलस्टप। प्रश्न चिन्ह होइन, यो किन भयो, यो कसरी भयो? भयो। फुलस्टप र आफ्नो फुल शक्तिशाली स्टेजमा स्थित होऊ। समस्या तल रहनेछ, तिमी उच्च स्टेजबाट समस्या रूपी साइडसीनलाई देखिरहनेछौ। अच्छा!

चारैतिरका सर्व खजानाहरूले सम्पन्न आत्माहरूलाई, सदा हर समय प्राप्तिहरूले भरपुर, मुस्कुराउँदै हार्षित रहने आत्माहरूलाई, सदा बाबासँग गरेको प्रतिज्ञालाई जीवनमा प्रत्यक्ष गर्ने ज्ञानी, योगी आत्मा बच्चाहरूलाई, सदा लक्ष्य र लक्षणलाई समान बनाउने बाबा समान आत्माहरूलाई, सदा हर समय सर्व खजानाहरूको स्टक र स्टप लगाउने तीव्र पुरुषार्थी श्रेष्ठ आत्माहरूलाई बापदादाको याद-प्यार, दिलारामको दिलदेखि याद-प्यार एवं नमस्ते। रुहानी बच्चाहरूको रुहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

वरदानः– परिस्थितिहरूलाई शिक्षक सम्झेर त्यसबाट पाठ पढ्ने अनुभवी मूर्त भव

कुनै पनि परिस्थितिमा आत्तिनुको सट्टा थोरै समयको लागि त्यसलाई शिक्षक सम्झ। परिस्थितिले तिमीलाई विशेष दुई शक्तिको अनुभवी बनाउँछ– एक सहनशक्ति र अर्को सामना गर्ने शक्ति। यी दुवै पाठ पढ्यौ भने अनुभवी बन्छौ। जब भन्छौ हामी त ट्रस्टी हौँ, मेरो केही छैन, त्यसोभए परिस्थितिहरूसँग किन आत्तिन्छौ। ट्रस्टी मतलब सबैथोक बाबालाई हवाला गरिदियौ। त्यसैले जे हुन्छ, त्यो राम्रो नै हुनेछ– यस स्मृतिले सदा निश्चिन्त, समर्थ स्वरूपमा स्थित होऊ।

स्लोगनः– जसको स्वभाव मीठो छ, उसले बिर्सेर पनि कसैलाई दुःख दिँदैन।